घ्याङलेख गाउँपालिका
སྒྱང་ལེབ་ག་ཨུ་པ་ལི་ཀ།
गाउँ कार्यपालिकाको कार्यालय
हायुटार, सिन्धुली

पत्र सङ्ख्या : २०८०।०८१

मिति : २०८१।०३।२३

## तह वृद्धिको लागि निवेदन पेश गर्ने सम्बन्धी सूचना।

बागमती प्रदेश सरकारद्वारा जारी "**स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९**" अनुसार तह वृद्धि हुन योग्यता पुगेका कर्मचारीहरुले मिति २०८१ साल असार मसान्तसम्म तपशिल अनुसारको कागजात सहित रीतपूर्वकको निवेदन दर्ता गराउनुहुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। तोकिएको म्याद भन्दा ढिला रीपूर्वक पेश नभएका निवेदन उपर कुनै कारबाही नहुने ब्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ।

**तपशिलः-**

१. ऐनमा भएको व्यवस्था अनुसार तह वृद्धि हुन पाउँ भन्ने निबेदन।
२. स्थायी नियुक्ति, पदस्थापना, सरुवा, समायोजन र रमाना पत्रका प्रतिलिपिहरु।
३. पछिल्ला पाँच वर्षको कार्य सम्पादन मूल्याङ्कन (चौथौंबाट पाचौं हुने बाहेक)।
४. अध्ययन, असाधारण विदा, गयल कट्टी भए/नभएको व्यहोरा खुलेको सेवा अवधि प्रमाणित पत्र।
५. नागरिकताको प्रतिलिपि।
६. शैक्षिक योग्यताका प्रतिलिपिहरु।
७. सिटरोल विवरण(PIS) ।

.......................................
दाताराम प्याकुरेल
प्रमुख प्रशासकीय अधिकृत

स्थानीय तहका सेवाको लागि बनेको "स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा ९ र दफा ३० मा रहेको तह वृद्धि सम्बन्धी व्यवस्था निम्नानुसार रहेको छ।

| क.स. | हालको तह | तह वृद्धि हुने तह | न्यूनतम शैक्षिक योग्यता | | कैफियत |
|---|---|---|---|---|---|
| | | | स्वास्थ्य सेवा बाहेक अन्य स्थानीय सेवा | स्थानीय स्वास्थ्य सेवा | |
| १ | चौथौं | पाचौं | चौथौं तहको कर्मचारी पाँच वर्ष सेवा अवधि पूरा गरेपछि स्वतः पाँचौं तहमा वृद्धि हुनेछ। | चौथौं तहको कर्मचारी पाँच वर्ष सेवा अवधि पूरा गरेपछि स्वतः पाँचौं तहमा तह वृद्धि हुनेछ। | दफा (९) बमोजिम |
| २ | पाँचौं | छेठौं | सेवा समूहसँग सम्बन्धित विषयमा कम्तिमा प्रवीणता प्रमाण पत्र तह वा कक्षा १२ वा सो सरह। | संघीय स्वास्थ्य सेवा सम्बन्धी कानूनले तोकेको न्यूनतम शैक्षिक योग्यता। | दफा (३०) बमोजिम |
| ३ | सातौं | आठौं | सेवा समुहसँग सम्वन्धित विषयमा कम्तिमा स्नातक तह उत्तीर्ण। | | |
| ४ | नवौं | दशौं | सेवा समुहसँग सम्बन्धित विषयमा कम्तिमा स्नातक तह उत्तीर्ण। | | |

मिति:-

## विषय:- तह वृद्धि सम्बन्धमा।

श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू,
घ्याङलेख गाउँपालिका, सिन्धुली।

म यस घ्याङलेख गाउँपालिकाको ..............................................तहमा मिति ............................बाट ज्येष्ठता कायम भई कामकाज गर्दै आएकोमा स्थानीय तहका लागि बनेको "स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा ९/दफा ३० अनुसार तह वृद्धि हुन योग्यता पुगेको हुँदा ऐ.ऐ. ऐनको दफा ९/दफा ३० अनुसार तह वृद्धि गरी पाउँ भनि यो निवेदन पेश गरेको छु।

संलग्न कागजातहरु:

१. अन्तिम शैक्षिक योग्यताको प्रतिलिपि
२. हाल कार्यरत तहमा समायोजन गरेको समायोजन पत्रको प्रतिलिपि
३. स्थायी नियुक्तीको प्रतिलिपि

निवेदक:

नाम, थर:-

हालको तह:-

कर्मचारी संकेत नं.-